नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## विश्व खाद्य स्वच्छता दिवस, २०८३ सम्वन्धी कार्य प्रगति विवरण

मानव स्वास्थ्यको लागि खाद्य पदार्थको स्वच्छता र गुणस्तर प्रमुख विषय हो। यसको महत्वलाई आम जनमानसमा पुर्याउन **खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**ले वि. सं. २०६५ साल देखि राष्ट्रिय खाद्य स्वच्छता दिवस मनाउँदै आएकोमा यस वर्ष १८ औं राष्ट्रिय खाद्य स्वच्छता दिवस मनाउँदै गर्दा सन् २०१८ को संयुक्त राष्ट्रसंघको ७३ औं महासभाले समेत सन् २०१९ देखि हरेक वर्ष ७ जूनका दिन **विश्व खाद्य स्वच्छता दिवस** मनाउने निर्णय गरेको हुँदा यही मिति २०८३ जेठ २४ (७ जून २०२६) गतेका दिन **"**From burden to solutions – safe food everywhere" भन्ने नाराका साथ ८ औं विश्व खाद्य स्वच्छता दिवस विश्वभर मनाईदै छ। यसै सन्दर्भमा नेपालमा पनि **"सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको समाधान**" भन्ने नाराका साथ २०८३ जेठ १८ देखि २४ गतेसम्म सप्ताहव्यापी रुपमा विश्व खाद्य स्वच्छता दिवस, २०८३ (World Food Safety Day, 2026), मनाइएको थियो।

विश्व स्वास्थ्य संगठन (WHO) को तथ्याङ्क अनुसार विश्वमा हरेक वर्षमा अस्वच्छकर एवं दूषित खाद्य पदार्थबाट झाडापखाला देखि क्यान्सरसम्म २०० भन्दा बढी रोग लाग्ने, प्रत्येक दश जना मध्ये एक जना मानिस विषाक्त खाद्य पदार्थको उपभोगका कारण विरामी हुने, ४ लाख २० हजार मानिस खाद्य जनित रोगबाट मृत्यु हुने गर्दछ। विश्व स्वास्थ्य संगठनको अध्ययन अनुसन्धान अनुसार तरकारी फलफूलमा जीवनाशक विषादीको अवशेष, पशुपन्छीजन्य खाद्य पदार्थमा एण्टिबायोटिक अवशेष, खाद्यान्नमा ढुसीजन्य विषको समस्या रहेको औंल्याएको छ।

हाम्रो संविधानले हरेक नेपालीका लागि खाद्य सम्वन्धी हकको सुनिश्चितता गरेको छ। यसका लागि खाद्य स्वच्छता र गुणस्तरीयताको नियमन कार्यलाई समयानुकूल सदृढ र प्रभावकारी बनाउन नेपालको संविधान बमोजिम संङ्घिय संसदले खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ जारी गरी मानव स्वास्थ्यको रक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृंखलाका सबै चरणमा बैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र यसको प्रभावकारी नियमनको कानूनी व्यवस्था गरेको छ। खाद्य स्वच्छता र गुणस्तरको लागि ऐनका प्रावधानहरु परिपालनामा विभिन्न सरोकारवालाको महत्वपूर्ण भूमिका हुने र आ-आफ्नो क्षेत्रबाट उपयुक्त रुपमा सम्बोधन गर्न सम्वन्धित सरकारी एवं गैर सरकारी संघसस्थाहरु, अन्तर्राष्ट्रिय विकास साझेदारी संघसस्थाहरु, खाद्य उद्योगहरु, खाद्य तथा पोषणसंग सम्वन्धित संघसस्थाहरु, उपभोक्ता हकहितसंग सम्वन्धित संघसस्थाका साथै जनचेतनाका संवाहक पत्रकारहरु समेतको सहकार्यमा विविध कार्यक्रमहरु सहित सम्वन्धित सम्पूर्ण सरोकारवालाको सहकार्यका लागी आह्वानका साथ यस वर्ष "सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको समाधान" भन्ने नारा सहित खाद्य स्वच्छता दिवस मनाइएको थियो।

यस विश्व खाद्य स्वच्छता दिवसको अवसरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका कार्यालयहरुले २०८३ जेठ १८ देखि २४ (1 – 7 June 2026) सम्म सप्ताहव्यापी रुपमा खाद्य स्वच्छता सम्वन्धि देहायका कार्यक्रम सन्चालन गरी देशव्यापी रुपमा भव्यताका साथ मनाइएको थियो।

- विश्व खाद्य स्वच्छता दिवसको नारा र सन्देश सहितको व्यानर राखे एवं विभागको वेभसाइटमा अपलोड गरीएको।
- विभाग परिसर सरसफाई तथा वृक्षारोपन कार्यक्रम गरीएको।
- खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सचेतनामूलक सार्वजनिक सन्देश रेडियो नेपालबाट प्रसारण गरीएको।
- मोबाइल फुड ल्याव भ्यान परिचालन गरी होटल रेष्टुरेण्ट, दूध, प्रशोधित पिउने पानी, ताजा फलफूल तरकारी अनुगमन निरिक्षण गरीएको।
- फलफुल तथा तरकारीमा राइपेनिंग एजेन्ट सम्बन्धि अन्तरक्रिया आयोजना गरिएको।
- त्ससैगरी, विभिन्न नगरपालिकाहरुमा खाद्य स्वच्छता सम्बन्धित सचेतनामुलक स्टिकर,ब्यानर टास लगायत ब्रोसरहरु वितरण गरीएको।
- अनुगमन निरिक्षणः खाद्य उद्योग, मिठाइ पसल, होटेल तथा रेस्टुरेण्ट, राजमार्गको खाना खुवाउने होटल/रेस्टुरेन्टहरु, विद्यालय क्यान्टिनमा विभाग तथा कार्यालयहरूको एकल तथा विभिन्न निकायहरू (वाणिज्य विभाग/कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा पालिकाहरूसंग) संग संयुक्त अनुगमन गरिएको।
- स्ट्रिट फूडसंग सम्बन्धित लगभग दर्जनौ ठेलागाडीहरुको खाद्य स्वच्छताको आधारमा अनुगमन गर्दै आवश्यक निर्देशन सहित पानीपुरी, प्याजी, आलुचप, मः म, चटपटे लगायत आलुनिम्कीको सर्भिलेन्स नमुनाहरु संकलन गरी प्रयोगशाला विश्लेषणका लागि पठाइएको।
- सरसफाई, पुन प्रयोग हुने तेलको TPM भ्यालु र वनस्पति घ्यू/ बेकरी सर्टेनिंगको प्रयोग सम्बन्धी विषयलाई ध्यानमा राखि अनुगमन तिब्र बनाईएको।
- सामुदायिक विद्यालयहरूमा, उपभोक्ता र खाद्य व्यसायीहरुलाई खाद्य स्वच्छता तथा खाद्य पोषण सम्बन्धी सचेतनामुलक तथा अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रम संचालन गरी नसर्ने रोग र खाने बानीमा गर्नुपर्ने सुधार सहितका जानकारीमुलक क्कक्षा संचालन गरिएको।
- फलफुल तथा तरकारीमा राइपेनिंग एजेन्ट सम्बन्धि अन्तरक्रिया आयोजना गरिएको।
- खाद्य स्वच्छतासंग सम्वन्धित सरोकारवालाः सरकारी निकाय, गैर सरकारी संघसस्था, खाद्य व्यवसाय, शिक्षण संघसस्था, एवं उपभोक्ता हकहित संग सम्वन्धि संघसस्थाहरु लगायतको सहभागीतामा विश्व खाद्य स्वच्छता दिवसको अवसरमा शुभकामना तथा मन्तव्य सहितको दिवस कार्यक्रम सन्चालन गरीएको।
- राष्ट्रिय दैनिक पत्रिका मार्फत विश्व खाद्य स्वच्छता दिवसको अवसरमा माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री श्री निशा मेहताज्यूको शुभकामना सन्देश प्रसारण गरीएको।
- **मोबाइल घुम्ति प्रयोगशालाद्वारा गरीएको अनुगमन समेत गरीः जम्मा २५६ स्थानमा निरीक्षण अनुगमन गरीएको थियो।**
    - उद्योग अनुगमन निरिक्षणः ६२ वटा
    - होटेल रेस्टुरेण्ट तथा मिठाई पसल अनुगमनः ९३ वटा

- बजार तथा किराना पसल अनुगमनः ७७ वटा
- क्याण्टिनः ११ वटा
- दुध संकलन केन्द्रः ८ वटा
- मेडिकल स्टोरः २ वटा
- मोबाइल घुम्ति प्रयोगशालाद्वारा

यसरी विश्व खाद्य स्वच्छता दिवस, २०८३ मनाउने सिलसिलामा वैज्ञानिक तथ्यको आधारमा खाद्य स्वच्छता कायम गर्ने सम्वन्धी जानकारी तथा यसको महत्व बारे आम जनमानसलाई सुसूचित गर्न एवं खाद्य उद्यमी व्यवसायी लगायतका सरोकारवालाले अपनाउनु पर्ने स्वच्छता र गुणस्तरसंग सम्वन्धित विषयका सन्देश पुर्‍याउन पत्रकार मित्रको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सबैको सकृय सहयोग र सहभागीताको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्र प्रति धन्यवाद ज्ञापन एवं विश्व खाद्य स्वच्छता दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**डा. बाल कुमारी शर्मा**<br>
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत<br>
२०८३/०२/२९